# शिलवन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/१०/११)

यस विकास वैंकको देवकोटाचोक, वडा नं. ९, विराटनगर, मोरडमा हुने शाखा स्थानान्तरणकालागि नयां शाखा कार्यालयको तपसिलमा उल्लेख भए वमोजिमका कार्यहरु बैंकले प्रदान गर्ने BOQ तथा Detail Drawing वमोजिम गर्न नियमानुसार नेपाल सरकारबाट इजाजत प्राप्त, मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भई गत आ.व.सम्मको कर चुक्ता गरेका एवं सम्बन्धित कार्यको इजाजत तथा अनुभव प्राप्त फर्म वा कम्पनीबाट तपसिलमै उल्लेखित अन्य शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउ आव्हान गरिएको छ ।

**तपसिल**

**क) कामको विवरण:**

१.सिभिल तथा फर्निचर सम्वन्धि कार्य २.इलेक्ट्रीकल तथा नेटवर्क (सिसि क्यामेरा समेतको) सम्वन्धि कार्य, ३.एसिजडान ४. सिसि क्यामेरा जडान (डिभाईसहरुमात्र) सम्वन्धि कार्य ५. बोलपत्र फारममा उल्लेखित अन्य कार्यहरु ।

**ख) अन्य शर्तहरु:**

१. दरभाउ आवेदन फाराम वापत रु. १,०००/०० (अक्षरेपी रु. एक हजार मात्र) तर सिभिल कन्सट्रक्सन तथा फर्निचर वाहेकको अर्थात एसि जडान, विजुली तथा नेटवर्किङ्ग, सिसि क्यामेरा जडान आदि सम्वन्धिमात्रै अलग्गै दरभाउमात्र पेशगर्ने दरभाउ दाताहरुकालागि ५००/०० (अक्षरेपी रु. पांच सय मात्र) दस्तुर (पछि फिर्ता नहुने गरी) यस बैंकको कर्पोरेट कार्यालय, मेनरोड, विराटनगर, मोरङको धरौती खाता नं. ९२६०६९९०१ मा जम्मा गरि सोको भौचर (विराटनगर वाहिरका फर्म/कम्पनीका हकमा ईमेल ठेगानामा रकम जम्मा गरेको भौचर संलग्न गरि विड फर्मको सफ्ट कपी प्राप्त गर्न सकिने) पेश गरी कार्यालय समयभित्र सामान्य सेवा विभागबाट बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ ।

२. दरभाउ पेश गर्दा शिलवन्दी गरी पेश गर्नु पर्नेछ तर कार्यालय आईपुग्न नसक्ने भएमा ईमेल मार्फत समेत बोलपत्र पेश गर्न सकिनेछ ।

३. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात २०७९।१०।२५ गते कार्यालय समयभित्र दरभाउ पेश भईसक्नु पर्नेछ ।

४. प्राप्त शिलवन्दी दरभाउहरु सूचना प्रकाशित गरिएको १६ औं दिन अर्थात २०७९।१०।२६ गते अपरान्ह ३.०० बजे सप्तकोशी डेभलपमेन्ट वैंक लि.को कर्पोरेट कार्यालय, विराटनगरमा दरभाउदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ । दरभाउवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ खोल्न वाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो दिन लगत्तै कार्यालय खुलेको दिन अपरान्ह ३.०० बजे खोलिनेछ ।

५. दरभाउपत्र साथ आफुले कवोल गरेको रकमको कम्तिमा २ प्रतिशतले हुने रकम (दरभाउ अस्वीकृत भएको अवस्थामा पछि फिर्ता हुने गरी) यस बैंकको कर्पोरेट कार्यालय, विराटनगरको धरौती खाता नं. ९२६०६९९०१ मा जम्मा गरी सक्कल भौचर वा सप्तकोशी डेभलपमेन्ट वैंक लिमिटेडको नाममा खिचीएको कुनै पनि बैंक/वित्तीय संस्थाको Good For Payment Cheque धरौटी वापत पेश गर्नु पर्नेछ । साथै दरभाउपत्र स्वीकृतभै बैंकसंग करार गर्ने फर्म/कम्पनीलाई काम सुरु गर्नु अगावै बैंकले काम सम्पन्न गरिसक्नुपर्ने अवधिमा कम्तीमा थप ३० दिनको वहाल अवधि रहने गरि करार रकमको न्यूनतम १० प्रतिशत रकम वरावरको परफरमेन्स वन्ड माग गर्न सक्नेछ ।

६. दरभाउमा उल्लेख गर्नुपर्ने सवै कुराहरु स्पष्ट रुपमा केरमेट नगरी लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७. विना धरौटी वा कम धरौटी वा नियम विपरित भई प्राप्त हुन आएका दरभाउहरु स्वत: रद्द हुनेछ । दरभाउ दर्ता भएपछि फिर्ता हुने छैन । दरभाउ सम्बन्धि अन्य शर्तहरु दरभाउ फारममा उल्लेख गरिए वमोजिम हुनेछ ।

८. दरभाउ पेश गर्दा यस कम्पनीले उपलव्ध गराएको सम्पूर्ण दरभाउ फाराम नैं (वि.ओ.क्यु., नियम एवं शर्त सुविधा र आवरण पृष्ठ सवै) पेश गर्नु पर्नेछ । दरभाउ फारमको प्रत्येक पानाको अन्त्यमा दरभाउदाताले दस्तखत गरी कम्पनी/फर्म/संस्थाको हकमा छाप समेत लगाएको हुनुपर्नेछ ।

९. दरभाउदाताले दरभाउ पेश गर्दा दरभाउदाता फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता/स्थायी लेखा नम्वरको दर्ता प्रमाणपत्र लगायत सम्पूर्ण विवरण (Complete Profile), आ.व. २०७८।०७९ को कर चुक्ता प्रमाणपत्र वा कर बुझाएको रसिद संलग्न गर्नुपर्नेछ ।

१०. प्राप्त दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कम्पनीमा निहीत रहनेछ । सोको कारण दरभाउदातालाई दिन कम्पनी वाध्य हुने छैन । बैंकले प्राप्त दरभाउका आधारमा बैंकको हितलाई ध्यानमा राखि थप नेगोशियशन गरि पछिल्लो पटक न्यूनतम कवुल गर्ने दरभाउदातावाट समेत कार्य गराउन सक्नेछ ।

११. रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा शर्तहरु राखी पेश भएको दरभाउहरु उपर कुनै कारवाही हुने छैन ।

१२. अन्य विस्तृत जानकारीको लागि यस कम्पनीको कर्पोरेट कार्यालय, विराटनगर मोरङ्गको सामान्य सेवा विभागमा सम्पर्क राखी वुझ्न सकिनेछ ।

सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
SAPTAKOSHI DEVELOPMENT BANK LIMITED
"हाम्रो समुदाय हाम्रो बैंक"

कर्पोरेट कार्यालय, मेनरोड, विराटनगर, मोरङ ।
फोन नं. ०२१-५१८१३५/३७, ९८०२७५२४९६